नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्

## केन्द्रीय कार्यालय, जनकपुरधाम

(स्था.२०४५)

पत्र सख्या :- २०७८/६९

चलानी नं.:-

प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७८।०४।२७

**विषय :- ध्यानाकर्षण सम्बन्धमा ।**

श्री सम्पादक ज्यू,

उपरोक्त सम्बन्धमा विभिन्न संचार माध्यममा प्रकाशित भ्रामक समाचार प्रति यस परिषदको गम्भीर ध्यानाकर्षण भएको छ ।

सो सम्दर्भमा प्रदेश सरकार प्रदेश नं. २ को उघोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७६।०७७ को खर्च शिर्षक २६४२२ अन्तर्गत डिजिटल लाईटिंग जडान कार्य (जानकी मन्दिर, लक्ष्मण मन्दिर, विवाह मण्डप, राम मन्दिर, गंगाआरती, गंगासागर पोखरी स्वर्गद्धारी जनकपुरधाम, गढीमाई मन्दिर अन्य) कार्य गर्न गराउनको लागि यस परिषद्लाई १२,००,००,०००।- अक्षरेपी बारह करोड यस परिषद्लाई प्राप्त भई सो कार्य गर्न गराउनका लागि लागत, ईष्टिमेट, डिजाईन, नाप नक्सा त्यार गर्दा सो शिर्षक अन्तर्गतको सम्पूर्ण काम गराउन बजेट अपुग हुने र जानकी मन्दिर, लक्ष्मण मन्दिर र विवाह मण्डपको लागि बजेट पुग्ने हुंदा सो कार्य गर्न गराउनका लागि आवश्यक प्रकृया अगाडी बढाउनको साथै यस परिषद्को कार्यकारिणी समितिको वैठक संचालक परिषद्का अध्यक्ष श्री शालिग्राम सिंहज्यूको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारीज्यूहरु धनुषा र महोत्तरी तथा जलेश्वर नगरपालिकाका नगर प्रमुख सहितको उपस्थितिमा मिति २०७६।०७।२९ गतेको निर्णयानुसार आर्थिक वर्ष २०७६।०७७ को योजना कार्यान्वयनको लागि कार्यकारी निर्देशकलाई अख्तियारी दिएको हुंदा सोही निर्णय कार्यान्वयनको लागि नियमानुसार Breakeven Engineering Consultant & Reserch Center Kathmandu ले पेश गरेको लागत अनुमान ११,७७,३२,३५५।२५ परिषद्बाट स्वीकृत भई जनकपुर टुडे राष्ट्रिय दैनिकमा १६ जनवरी 2020 मा E-Bidding द्धारा कामकाज गराउनको लागि सूचना प्रकाशित गरिएको र नियमानुसार जम्मा २ वटा फर्म दर्ता हुन आएको १. अन्नपूर्णा ईम्पेक्स, विराटनगर, २. क्षमादेवी कन्स्ट्रक्सन प्रा.लि., कौशलटार मध्यपुर ठिमी न.पा.१५ र सो कार्यको लागि मुल्यांकन समितिमा आर्थिक तथा सार्वजनिक खरिद व्यवस्थापन विज्ञको रुपमा कृष्ण प्रसाद न्यौपाने, विषय विज्ञको रुपमा ई. राजिव कुमार उपाध्यायलाई नियुक्त गरी नियमानुसार मुल्यांकनको प्रकृयाद्धारा क्षमादेवी कन्स्ट्रक्सन प्रा.लि., कौशलटार मध्यपुर ठिमी न.पा.१५ ले मु.अ.कर सहित ११,७४,४९,४३३।०० कवुल गरेको र स्वीकृतिको लागि आशयको सूचना मिति २०७६।११।२० मा जनकपुर टुडे राष्ट्रिय पत्रिकामा प्रकाशित भएको र समय सिमा भित्र कुनै किसिमको दावी विरोध पर्न नआएको हुनाले निज फर्मलाई यस परिषद्द्धारा बोलपत्र स्वीकृती गरिएको थियो । नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मातहतका पुरातत्व विभाग (विश्व सम्पदा संरक्षण शाखा) को प.स. २०७६।०७७ च.नं. १६७१ पत्रको पत्रानुसार Heritage Impact Assesment (HIA) गर्नु विश्व सम्पदा प्रणालीको अनिवार्य शर्तलाई पालन गर्न आवश्यक देखिएको हुंदा मिति २०७७ साल श्रावण ११ गतेका दिन जानकी मन्दिरमा जनकपुरधाम उ.म.न.पा.का उप प्रमुख श्रीमति रिता मिश्रको अध्यक्षतामा बैठक बसी सो बैठकमा राम रोशन दास जानकी मन्दिर, श्री बैकुन्ठ प्रसाद रेग्मी, प्रमुख गुठी संस्थान जनकपुर शाखा, श्री बलराम ठाकुर कार्यकारी निर्देशक, बृ.ज.वि.प. को उपस्थितिमा HIA Report अनुसार सो कार्य गर्न गराउन निर्णय भए बमोजिम पुरातत्व विभागको मिति २०७७।०९।०५ को पत्रानुसार HIA Report स्वीकृत भई सोही बमोजिम कामकाज भएको र जहासम्म विश्व सम्पदा सूचिमा जानकी मन्दिरलाई लाने प्रकृयामा जडान भएको लाईटिंगले कुनै अवरोध हुने छैन । यो किसिमको लाईटिंग विश्व सम्पदा सुचिमा रहेको निम्न स्थानहरुमा समेत जडान भएको छ ।

१. Churches and Convents of GOA, India, २. Khajuraho Group of Monuments, India ३. Buddhist Monuments at Sanchi, ४.Humayuns Tomb, Delhi, ५.Qutb Minar and its monuments, Delhi, ६. Chhatrapati shivaji terminaus (formerly victoria terminus), ७. Champaner-pavagadh Archaeological park ८.The victorian and art deco ensemble of Mumbai, जानकी मन्दिरमा सम्पूर्ण विजुली बत्ति (बल) फिलिप्स कम्पनीको जडान भएको, १ थान चिमको मूल्य रु. ६१००।०० देखि रु.२,४६,३१२।०० सम्मको जम्मा बल्व ४४७ वटा, Security Metal Detector, High Performance Security Camera ४३ थान, सोलार स्ट्रीट लाईट १६ थान, विवाह मण्डपमा स्ट्रीट लाईट ४८ थान, फायर अलार्म सिस्टम, विभिन्न किसिमका तार तथा कनेक्टरहरु, विभिन्न किसिमका स्पीकर ७४ थान, अन्य सामानहरुमा ३० केभिए स्टेपलाईजर, औनलाईन युपिस वैट्री सहित, ईलेक्ट्रीकल प्यानल, माउन्टींग फ्रेम, ईलेक्ट्रक लाईट पोल, एल सि डि डिस्प्ले, आधुनिक कम्प्यूटराईजड सरभर तथा अन्य सामानहरु जडान भएको र वत्तिहरु बाल्नको लागि ३ फेज लाईन विजुली आवश्यक भएको हुंदा जानकी मन्दिरमा पहिला कै विद्युत महसुल लगभग १ करोड बांकी रहेकोले विद्युत प्राधिकरणले बक्यौता महसुल नतिरी लाईन जडान गर्न नमिल्ने भएको हंदा २० KW को सोलार जडानको लागि ज.उ.म.न.पा वडा नं. ६ को मिति २०७८।०३।१६ को सिफरिस अनुसार उपभोक्ता समिति गठन भई निज उपभोक्ता समितिलाई लागत अनुमान ५९,६१,३३०।०० को नियमानुसार ३० प्रतिशत पेश्की स्वरुप जम्मा रु.१६,००,०००।- दिईएकोछ । उपभोक्त समितिले सोलारमा जडान हुने उपकरहरु ल्याई सकेको र कार्यालयलाई सामानहरु समेत जिम्मा लगाईएको र थप बजेटको लागि सम्बन्धित निकायमा पहल भई रहेको र चाडै नै बजेट व्यवस्थापन गरी जानकी मन्दिरको लाईटिंग दैनिक बल्ने व्यवस्था गरिनेछ । थप जानकारीको लागि सूचनाको हक सम्बन्धी नियमानुसार कार्यालय समय भित्र उपलब्ध गराउनेछ । सम्बन्धित निर्माण व्यवसायीलाई प्राविधिक मूल्यांकन अनुसार मु.अ.कर सहित ७,८२,४५,३५६।१९ मात्र भुक्तानी भएको र बाकीं रकम ३,९१,१३,२४७।८१ भुक्तानी हुन बांकी रहेको व्यहोरा जानकारी गराईन्छ । साथै अव उपरान्त कुनै किसिमको सामाचार प्रकाशित गर्दा सम्बन्धित निकाय, व्यक्तिसंग सत्यतथ्य बुझि मात्र प्रकाशन गरि दिन हुन अनुरोध छ ।

सावित्री गिरी
लेखापाल
**सावित्री कुमारी गिरी**
**लेखा प्रमुख**

बलराम ठाकुर
कार्यकारी निर्देशक
**बलराम ठाकुर**
**कार्यकारी निर्देशक**